सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौं अधिवेशन
बैठक-४८
सूचनापत्र-२
(बैठकको काम कारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:२२ बजे
बैठक स्थगित :३:१६ बजे

नेपाल सम्वत्:-११४६ २०८३ असोज ०५ गते सोमबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनको अड्चालिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२२ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **शून्य समयमा** बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य मीनासिंह रखालले दैनिक उपभोग्य वस्तुको सहज उपलब्धता सुनिश्चित गर्न तथा कालो बजारी, कृत्रिम अभाव एवम् मूल्य वृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।
माननीय सदस्य राम कुमारी झाक्रीले E.V गाडीमा दुर्घटना बढ्दै गएको सन्दर्भमा स्पष्ट सुरक्षा मापदण्ड, प्रयोग भएका ब्याट्रीको व्यवस्थापन, क्षमता, गुणस्तर सम्बन्धमा स्पष्ट नीति तथा कानूनको व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।
माननीय सदस्य रेखा कुमारी झाले नेपाल-भारत वैरगनियमा सीमामा रौतहटका पत्रकार माथि कुटपीट तथा दर्व्यवहार भएको घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।
माननीय सदस्य रोश्री मेचेले माननीय अर्थमन्त्रीको भारत भ्रमणको क्रममा दुईपक्षीय वार्ताको समयमा नेपालको राष्ट्रिय झण्डा नै नराखिनुलाई कुटनीतिक मर्यादाको उल्लङ्घनको रुपमा चर्चा गर्दै सरकारको स्पष्ट धारणा माग गर्नुभयो।
माननीय सदस्य सम्झना देवकोटाले खाना पकाउने ग्याँसको सहज आपूर्ती हुन नसकेको उल्लेख गर्दै एक उद्योगको सिलिण्डर अर्को उद्योगीले सहज रुपमा साटफेर गर्न सक्ने व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।
माननीय सदस्य सोमनाथ पोर्तेलले दलित समुदायका लागि विनियोजित बजेट कटौती भएको उल्लेख गर्दै आवश्यक बजेट व्यवस्थापनका लागि सरकारसँग माग गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः
माननीय सदस्य आनन्द प्रसाद ढुंगानाले भोटेकोशी बाढी पश्चात प्रधानमन्त्रीले सर्वदलीय बैठकका लागि अग्रसरता नलिएको विषय उल्लेख गर्दै वर्तमान सरकार र सत्तारुढ दलबीच द्वन्द्व देखिएको बताउनुभयो। विपद् व्यवस्थापन सम्बन्धमा संसदीय विशेष समिति छिटो गठन गर्न माग गर्दै राष्ट्रिय सभामा उठेका विषयमा सरकार जिम्मेवार हुन नसकेको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीको विदेश भ्रमण, विपद् पश्चातका गतिविधि लगायत राष्ट्रिय महत्वका विषयमा सरकारले सदनलाई जानकारी गराउने अभ्यासको स्मरण

गराउँदै दुई दिने सार्वजनिक बिदा एवम् ९:०० बजे देखि कार्यालय समयको शुरुवात हुने व्यवस्थाले पारेका प्रभावको चर्चा गर्दै पुनर्विचारको माग गर्नुभयो। सरकारले प्राथमिकताका आधारमा कानून निर्माणमा तदारुकता देखाउन नसकेको उल्लेख गर्दै औषत आयू बढ्दै जाँदा कर्मचारीको उमेर हद घटाउने गरी प्रस्तावित कानूनप्रति प्रश्न गर्नुभयो। सङ्घीयता सम्बन्धमा सत्तासिन दलको स्पष्ट धारण नदेखिएको जिकिर गर्दै आफ्ना गतिविधिलाई व्यवस्थित र संयमित रुपमा अगाडी बढाउन सरकारको ध्यानकर्षण गराउनुभयो।

माननीय सदस्य मदन कुमारी शाह (गरिमा)ले प्रधानमन्त्रीको संयुक्त राष्ट्रसंघको महासभामा हुने सम्बोधनमा जलवायू न्याय, हानी तथा क्षतिपूर्ती लगायतका विषय स्पष्ट रुपमा उठाउनुपर्ने बताउनुभयो। विकास र वातावरणबीच सन्तुलनको आवश्यकता बारे चर्चा गर्दै हरित गृह ग्याँसको न्यून उत्सर्जन गर्दा समेत नेपालले विभिन्न विपद्का घटनाहरु सामना गर्नुपरेको बताउनुभयो। जलवायू परिवर्तन र वातावरण संरक्षण सम्बन्धमा नेपालले हस्ताक्षर गरेका महासन्धी एवम् सम्झौता, व्यक्त गरेका प्रतिवद्धता, कोपलगायत अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता, आफ्नै अग्रसरतामा आयोजना गरेका कालापत्थर बैठक एवम् सगरमाथा संवाद लगायतको चर्चा गर्दै नेपालले जलवायू कुटनीतिमा निरन्तर सक्रिय रहेको उल्लेख गर्नुभयो। हिमाली मुलुकका लागि छुट्टै जलवायू वित्त, प्रविधि हस्तान्तरण, अनुसन्धान, पूर्वसूचना प्रणाली, क्षति तथा जोखिम मूल्याङ्कनमा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धमा जोडदार आवाज उठाउन प्रधानमन्त्रीको गम्भिर ध्यानाकर्षण गराउँदै भ्रमणको सफलता व्यक्त गर्नुभयो।

माननीय सदस्य मीनासिंह रखालले खाना पकाउने ग्याँसको सहज आपूर्ती सुनिश्चित गर्न सडकमार्गको स्तरोन्नती तथा कालोबजारी, कृत्रिम अभाव र असमान वितरण नियन्त्रण एवम् प्रभावकारी बजार अनुगमन आवश्यक रहेको उल्लेख गर्दै सरकारले अभावको समयमा समेत राजनीतिकरण गरेको उल्लेख गर्नुभयो। खाना पकाउने ग्याँसको वास्तविक मौजदात विवरण सार्वजनिक, कृत्रिम अभाव र कालोबजारी नियन्त्रण, सामाजिक सञ्जालमा फैलिएका भ्रामक सामाग्रीको तथ्य परीक्षण तथा सो कार्यमा संलग्नलाई कानून बमोजिम कारबाही लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य विष्णु देवी पुडासैनीले भोटेकोशी बाढीप्रति दुखः व्यक्त गर्दै प्रभावित नागरिकलाई उचित व्यवस्था हुन नसकेको, पूर्वसूचना प्रणाली कमजोर देखिएको, राहत उद्धारमा सरकारले ढिला निर्णय गरेको जनाउँदै जनजीवनको सामान्यीकरण, शिक्षा तथा स्वास्थ्य क्षेत्र एवम् भौतिक पूर्वाधारको पुनर्निर्माणमा ध्यान दिनुपर्ने बताउनुभयो। सरकारले लगानीकर्ता एवम् निजी क्षेत्रलाई डर त्रास देखाएकाले विदेशी लगानी आकर्षण हुन नसकेको तथा स्वदेशी लगानी पलायन भएको चर्चा गर्दै दैनिक उपभोग्य वस्तुमा भएको मूल्यवृद्धि, विद्युत उपयोगमा भएको VAT वृद्धि, सडकमार्गमा देखिएको अवरोध अन्त्य लगायतका विषय चर्चा गर्दै सरकारलाई जनताको पक्षमा काम गर्न ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले पाल्ला बुटवल खण्डको सुरुङमार्ग सञ्चालनमा आउन नसकेको उल्लेख गर्दै बढ्दो दुर्घटनका कारण त्यस क्षेत्रका नागरिक प्रभावित भएको, स्वास्थ्य बीमा कार्यक्रम सुचारु हुन नसकेको बताउनुभयो। बोलपत्र निष्काशन गर्ने समयमा समेत सरकार चलायमान नदेखिएको, खानेपानीका स्रोत सुक्दै गएकाले मुलुकभर आधारभूत खानेपानी सुनिश्चित हुन नसकेको उल्लेख गर्नुभयो। भोटेकोशी बाढीका क्रममा प्रभावित नागरिकको समयमा नै उद्धार हुन नसकेको जनाउँदै विशेषतः प्रभावित बालबालिकाको हक अधिकार सुनिश्चित हुने गरी व्यवस्थापन गर्नुपर्ने एवम् खाना पकाउने ग्याँसको अभावमा जनताको चुलो नबल्ने अवस्था अन्त्य गर्नुपर्ने बताउनुभयो। सरकारले गरेका काम कारबाही सम्बन्धमा सदनलाई जानकारी दिन, विश्वासको वातावरण निर्माण गर्न तथा संवाद र समझदारीका साथ अगाडी बढ्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सोमनाथ पोर्तेलले विगतका विपद्का घटनाको स्मरण गर्दै भोटेकोशी बाढीबाट प्रभावित विवरण प्रस्तुत गर्दै प्रभावकारी व्यवस्थापनका लागि आग्रह गर्नुभयो। सरकारले उद्धार कार्यमा विदेशी सहयोग लिन गरेको ढिलाइले थप क्षति भएको, कृष्णभीरको पहिरोका कारण अवरुद्ध सडक सञ्चालन गर्न धेरै दिन लागेको, भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा यातायात सम्पर्क विच्छेद भएको लगायत विषयमा धारणा व्यक्त गर्नुभयो। सरकार सदनप्रति उत्तरदायी हुन नसकेको उल्लेख गर्दै सरकारले गरिरहेका काम कारबाही सम्बन्धमा जानकारी गराउन सरकारलाई रुलिङ्को माग गर्नुभयो। भोटेकोशी बाढीबाट पुगेको हानी नोक्सानीका लागि अन्तर्राष्ट्रिय मञ्चमा क्षतिपूर्ती माग उठाउन कुटनीतिक पहल गर्नुपर्नेमा जोड दिनुभयो। माननीय अर्थमन्त्रीको भारत भ्रमणको क्रममा भारतीय समकक्षीसँगको भेटवार्तामा राष्ट्रिय झण्डा प्रयोग नभएको विषयलाई अपरिपक्क व्यवहारको रुपमा चित्रण गर्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा प्रश्नकर्ता माननीय सदस्य रुकमिणी कोइरालाले आफ्नो प्रश्न सोध्नु हुँदा माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले माननीय सदस्यले सोध्नु भएको प्रश्नको जवाफ दिनुभयो।

तत्पश्चात, माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा देहाय बमोजिम माननीय सदस्यहरूले भाग लिनुभयोः-

१. माननीय सदस्य डा. प्रेम प्रसाद दंगाल
२. माननीय सदस्य सुरेश कुमार आलेमगर
३. माननीय सदस्य खम्म बहादुर खाती
४. माननीय सदस्य राम कुमारी झाक्री
५. माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा
६. माननीय सदस्य सम्झना देवकोटा

तदुपरान्त, माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले, "सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २५ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले, "सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २५ सम्म उल्लिखित संशोधनहरू "सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

तदुपरान्त, सम्माननीय अध्यक्षले, विधेयकको दफा २ देखि ४५ सम्म र अनुसूची "सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्सम्मतिले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायबमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः-

"प्रस्तावना: मानव र पशुपन्छीका बीचमा अन्योन्याश्रित सम्बन्ध हुने भएकोले पशुपन्छीमा लाग्ने सङ्क्रामक रोगको पहिचान, प्रतिकार्य, रोकथाम, नियन्त्रण, निवारण, उन्मूलन र पशु स्वास्थ्य, जनस्वास्थ्य तथा पशु उत्पादनको सुरक्षा गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "सङ्क्रामक पशु रोग (नियन्त्रण) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।"

तदुपरान्त, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, माननीय कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले "सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८३ साल असोज ८ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव